# संघीय संसद
# प्रतिनिधि सभा

एघारौं अधिवेशन

बैठक संख्या - ५५

**दैनिक कार्यसूची**

२०७९ साउन ३१ गते

**मंगलबार**

बिहान ११:०० बजे

## (सम्भावित कार्यक्रम)

**राष्ट्रपतिको कार्यालयको पत्र**

१. प्रतिनिधि सभाको सचिवले सम्माननीय राष्ट्रपतिबाट पुनर्विचारको लागि नागरिकता विधेयक सन्देश सहित फिर्ता भएको सम्बन्धी राष्ट्रपतिको कार्यालयको पत्रको जानकारी गराउनु हुने ।

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पत्र**

२. सम्माननीय सभामुखले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त कार्यभार सम्बन्धी पत्रको जानकारी गराउनु हुने ।

**व्यवस्थापन कार्य**

३. सम्माननीय सभामुखले अर्थ समितिको प्रतिवेदन र सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६ को विभिन्न दफाहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुने ।

४. मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले "सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७९ लाई पारित गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

५. मा० कृषि तथा पशुपंक्षी विकास मन्त्री श्री मृगेन्द्र कुमार सिंह यादवले :-

(क) "कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदन सहितको पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ माथि छलफल गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

(ख) "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७९ लाई पारित गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

६. मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री दिलेन्द्र प्रसाद बडूले राष्ट्रिय सभाको सन्देश सहितको "स्टाण्डर्ड नाप र तौल (पाँचौं संशोधन) विधेयक, २०७८ माथिको दफावार छलफल सदनमा गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

७. राष्ट्रिय सभाको सन्देश सहितको "स्टाण्डर्ड नाप र तौल (पाँचौं संशोधन) विधेयक, २०७८" माथि प्राप्त संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गरिने ।

८. मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री दिलेन्द्र प्रसाद बडूले :-

(क) राष्ट्रिय सभाको सन्देश सहितको "स्टाण्डर्ड नाप र तौल (पाँचौं संशोधन) विधेयक, २०७८ लाई पारित गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

(ख) राष्ट्रिय सभाको सन्देश सहितको "प्रत्यायन विधेयक, २०७८ माथिको दफावार छलफल सदनमा गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

९. राष्ट्रिय सभाको सन्देश सहितको "प्रत्यायन विधेयक, २०७८" माथि प्राप्त संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गरिने ।

१०. मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री दिलेन्द्र प्रसाद बडूले राष्ट्रिय सभाको सन्देश सहितको "प्रत्यायन विधेयक, २०७८ लाई पारित गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

गोपालनाथ योगी

प्रतिनिधि सभाको सचिव